# सङ्कल्प कविता सङ्ग्रहमा वेदान्त दर्शन

❑ **प्रमोद पंज्ञानी**
**त्रिभुवन आदर्श बहुमुखी क्याम्पास, स्याङ्जा**
**Email : pangyanipramod869@gmail.com**
**ORCID ID: https://orcid.org/0009-0005-7836-5100**

**सार**

*प्रस्तुत लेखमा दर्शन र साहित्यको सम्बन्धलाई सङ्केत गर्दै पूर्वीय वेदान्त दर्शन र यसका मान्यताहरूलाई सङ्क्षिप्त रूपमा चिनाई त्यसैका आलोकमा विश्वप्रेम अधिकारीको 'सङ्कल्प' कविता सङ्ग्रहभित्र रहेका केही कवितालाई प्रतिनिधि कविताका रूपमा लिई तिनमा प्रयुक्त वेदान्त दर्शनलाई खोजिएको छ। यस क्रममा चयनित कविताहरूमा आस्तिक मध्येको वेदान्त दर्शनको प्रयोग बढी र अन्यको प्रयोग कम भएको फेला परेको देखाइएको छ। अन्त्यमा ती रचना मूख्यतः वेदान्त दर्शनको प्रयोगका दृष्टिले अध्येय एवम् महत्त्वपूर्ण रहेको र उक्त दर्शनको प्रयोग नै विवेच्य कविताको रचनात्मक विशिष्टता हो भन्ने निष्कर्ष दिने काम भएको छ। यसमा पुस्तकालय विधिद्वारा सामग्री सङ्कलन गरिएको छ भने मूलत : निगमनात्मक पद्धतिमार्फत व्याख्या विश्लेषण गरिएको छ।*

**शब्दकुञ्जिका : पूर्वीय, दर्शन, ब्रह्म, वेदान्त, मोक्ष, आस्तिक।**

## १. विषय प्रवेश

विश्वप्रेम अधिकारी (वि.सं. १९९९) आधुनिक नेपाली कविता परम्परामा वि.सं. २०४९ पछि देखा परेका कवि हुन्। सरल भाषामा गहन भाव सम्प्रेषण गरी कविता लेख्ने अधिकारीका कवितामा खासगरी समसामयिक जीवन भोगाइ, राष्ट्रप्रेम, संस्कृतिप्रतिको मोह, आदर्श चेतना, आशावादी स्वर, मुक्त एवम् शास्त्रीय छन्द प्रयोगजस्ता प्रवृत्ति तथा विशेषताहरू फेला पार्न सकिन्छ। यसका साथै पूर्वीय दर्शनको ज्ञान भएका अधिकारीका कवितामा पूर्वीय दर्शन अन्तर्गतको आस्तिक र त्यसमा पनि मूलतः वेदान्त दर्शनको प्रयोग रहन गएको पाइन्छ। यिनका प्रायः सबै कविता, काव्य रचनामा कतै न कतै दार्शनिक चेतको प्रयोग देखिएकै हुन्छ। अधिकारीका अन्य रचनाका तुलनामा 'सङ्कल्प' कविता सङ्ग्रह (२०५५) मा वेदान्त दर्शनको प्रयोग बढी हुनगएको देखिन्छ। प्रस्तुत लेखमा 'सङ्कल्प' कविता सङ्ग्रह भित्रका कवितामा प्रयुक्त वेदान्त दर्शनलाई खोज्ने प्रयास गरिएको छ। यसबाहेक ती कवितामा प्रयुक्त अन्य पक्षहरूको खोजी नहुनु यो लेखको सीमा रहन गएको छ।

## २. समस्या कथन

कवि विश्वप्रेम अधिकारीको 'सङ्कल्प' कविता सङ्ग्रह भित्रका कविताहरूलाई विभिन्न कोणबाट अध्ययन गर्न सकिने देखिए पनि वेदान्त दर्शनलाई आधार मानेर चयनित कविताहरूको विश्लेषण गर्दा देखिनजाने समस्यालाई यहाँ समस्याका रूपमा लिइएको छ। वेदान्त दर्शन प्रयोगका दृष्टिले चयनित कविता के कस्ता छन ? भन्ने समस्या नै यस अध्ययनको मूल समस्या रहेको छ।

## ३. अध्ययनको उद्देश्य

उल्लिखित समस्या अर्थात कवि विश्वप्रेम अधिकारीको 'सङ्कल्प' नामक कविता कृति भित्रका कवितामा प्रयुक्त वेदान्त दर्शनलाई पहिल्याउनु नै यस शोधमूलक लेखको मुख्य उद्देश्य हो। यसक्रममा वेदान्त दर्शनको सामान्य परिचय दिनु यसको थप उद्देश्य हो।

## ४. पूर्वकार्यको समीक्षा

विभिन्न लेखक तथा समालोचकहरूद्वारा विश्वप्रेम अधिकारीको 'सङ्कल्प' कविता सङ्ग्रह भित्रका

कवितालाई विविध कोणबाट अध्ययन, विश्लेषण गरिएको पाइए पनि तिनमा प्रयुक्त दार्शनिक पक्षको अध्ययन भएको अवस्था देखिन्न । त्यसमा पनि अझ कविताको प्रधान पक्ष ठानिएको वेदान्त दर्शनमा आधारित भएर अध्ययन गरिएको स्थिति भेटिन्न । यस्तो अवस्थामा यस सङ्ग्रहका कवितामा प्रयुक्त वेदान्त दर्शनको वस्तुगत अध्ययन गरी कवितामा पाइने रचनात्मक विशिष्टतालाई देखाउने काम यस लेखमा भएको छ ।

## ५. अध्ययन विधि

लेखको आधार सामग्री विश्वप्रेम अधिकारीको 'सङ्कल्प' कविता कृति हो । यो प्राथमिक स्रोतको सामग्री हो भने यसको व्याख्या विश्लेषणका क्रममा उपयोग भएका अन्य कृतिहरू द्वितीयक स्रोतका सामग्री हुन् । यी दुवै सामग्रीको सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ भने सङ्कलित आधार सामग्रीको अध्ययन विश्लेषण मूलतः निगमनात्मक र अंशतः आगमनात्मक विधिमा आधारित भएर गरिएको छ ।

## ६. कवि विश्वप्रेम अधिकारीको छोटो चिनारी

वि.सं. १९९९ श्रावण १७ गते शनिबार स्याङ्जा जिल्लाको राङ्खोला भन्ने ठाउँमा जन्मेका विश्वप्रेम अधिकारीले शास्त्री (स्नातक) तह सम्मको अध्ययन गरेको बुझिन्छ । पूर्व शिक्षकसमेत रहेका अधिकारी वि.सं. २०१८ देखि साहित्य रचनामा प्रवृत्त भएको थाहा हुन्छ । बनारसमा रहँदा विद्यार्थी कालदेखि नै कविता लेख्न थालेका यिनले कृतिका रूपमा आफ्ना रचनाहरूको प्रकाशन भने २०४९ सालदेखि क्रमशः गदै आएको देखिन्छ । कविता, कथा, निबन्धजस्ता विधामा कलम चलाउँदै आएका अधिकारी समालोचक एवम् लोकसाहित्यअन्वेषकका रूपमा पनि परिचित छन् । हालसम्म यिनका मेरी छोरी (२०४९), बन्दीको मनस्थिति (२०५२), सङ्कल्प (२०५५), अचाडू मनका स्वरहरू (२०६१), काव्यत्रयी (२०७३), विश्वप्रेम अधिकारीका सङ्कलित पद्य कविता (२०७४) र सङ्कलित गीतिकविताहरू (२०७४) जस्ता कविता विधाका कृतिहरू प्रकाशित छन । यसबाहेक यिनले रहर, कल्याणी, पोखिएका कनिका, रजस्थल लगायतका साहित्यिक पत्रिकाहरूको सम्पादन गरेको देखिनुले यिनको सम्पादकीय व्यक्तित्वसमेत देखा पर्छ । अधिकारीको सिर्जना, समालोचना र सम्पादनको यात्रा अहिले पनि निरन्तर अगाडि बढिरहेको देख्न सकिन्छ । यिनका कवितामा मुख्यतः राष्ट्रवादी चिन्तन, युगीन सन्दर्भ, सांस्कृतिक जागरण, बिम्ब र प्रतीकको प्रयोग, आशावादी स्वर, मुक्त र शास्त्रीय छन्दको प्रयोगजस्ता प्रवृत्तिगत विशेषताहरू पाउन सकिन्छ ।

## ७. दर्शन र साहित्य बीचको सम्बन्ध

दर्शन र साहित्यका बीचमा आदिकालदेखि नै आपसी सम्बन्ध रहिआएको पाइन्छ । साहित्यलाई समाजको ऐना मानिन्छ भने दर्शनलाई जीवन र जगत्को ऐना मान्ने गरिन्छ । यस अर्थमा दर्शन साहित्यभन्दा केही माथि रहेको बोध हुन्छ । दर्शनमा बुद्धि पक्षको र साहित्यमा हृदय पक्षको प्रधानता रहने वास्तविकता हुँदाहुँदै पनि यी दुईका बीचमा घनिष्ठ सम्बन्ध रहेको भेटिन्छ । दर्शन होस् वा साहित्य दुवैको ध्येय भनेको त आखिर सत्यको सन्धान नै हो । साहित्य समाजको ऐना हो, जुन समाज र जीवनसंग अभिन्न हुन्छ । त्यो जीवन र जगत्को ऐना फेरि दर्शन हो, जुन समाजको यथार्थ ऐनालाई प्रकाश पार्ने ज्योतिका रूपमा पनि रहेको हुन्छ (सापकोटा, २०७४, पृ. ११४) । अर्कोतिर साहित्य जीवन भोगाइका क्रममा प्राप्त अनुभूतिको अभिव्यक्ति ठानिन्छ र उक्त अनुभूति प्राप्तिको मूल स्रोत वा आधार भनेको जीवन जगत् नै हो । दर्शनले त्यसकै बारेमा चिन्तन मनन र विश्लेषण गर्छ । अझ प्रष्ट पार्न के भन्न सकिन्छ भने साहित्यको गर्भमा कुनै न कुनै रूपले चिन्तन मिश्रण भएको हुन्छ त्यो नै अप्रत्यक्षतया दर्शन हो यसर्थ पनि दर्शन विना साहित्य अपूर्ण हुन जाने देखिन्छ । साहित्य भावनामा बगोस् वा संवेगमा नाचोस् यसको नशा नशामा दर्शनकै रगत बगेको हुन्छ ( गिरी, २०५५, पृ. ८) । उता दर्शनमा पनि साहित्य

प्रविष्टि हुनजाने हुँदा दर्शन पनि साहित्याश्रित देखिन्छ । अतः दर्शन र साहित्य आपसी अस्तित्वमा अडिएका हुन्छन् र यी बीच अन्योन्यश्रित सम्बन्ध रहन्छ । त्यसैले दर्शनको प्रभाव र प्रयोग साहित्यका सबै विधामा देखिनु स्वाभाविक ठानिन्छ । यस्तो स्थितिबाट साहित्यको प्राचीन ठानिएको कविता विधा पनि मुक्त रहेको देखिन्न ।

**८. वेदान्त दर्शनको सङ्क्षिप्त परिचय**

पौरस्त्य दर्शनशास्त्रमा जसद्वारा जड र चेतनको सूक्ष्म भन्दा सूक्ष्म तत्त्वलाई केलाएर देखाइन्छ त्यसलाई दर्शन भनिएको पाइन्छ । जसद्वारा यथार्थ रूपमा पदार्थको साक्षात्कार हुन्छ अनि सृष्टिको कारण के हो र यो चेतन छ कि अचेतन छ आदि कुराको उत्तर मिल्छ त्यो नै दर्शन हो (मिश्र, २०६९, पृ.४९) । यसलाई जीव, ब्रह्म, प्रकृति, पुरुष आदि कुराको तत्वबोध गराउने विचार प्रयोजन ज्ञान वा तत्वज्ञान भनिन्छ (गिरी, २०५५, पृ. १) । वेदलाई आधार मानेर पूर्वका दर्शनको उत्पत्ति र विकास भइआएको देखिन्छ । यस आधारमा आस्तिक र नास्तिक दुई खालका दर्शन रहेका छन् । वेदलाई मान्ने आस्तिक दर्शन हुन् भने वेदलाई नमान्ने वा वेद विरोधी दर्शन नास्तिक दर्शन मानिन्छ (चट्टोपाध्याय र दत्त, ?, पृ. १–२) । वेदलाई आधार मान्ने १.न्याय, २.वैशेषिक, ३.साङ्ख्य, ४.योग, ५.मीमांसा र ६.वेदान्त गरी यी ६ वटा आस्तिक दर्शन मानिन्छन् । वेदलाई आधार नमान्ने १.चार्वाक, २.बौद्ध, यस अन्त्रगतका (माध्यमिक–शून्यवाद, योगाचार–विज्ञानवाद, सौत्रांतिक–बाह्यानुमेयवाद र वैभाषिक– बाह्याप्रत्यक्षवाद) र ३.जैन नास्तिक दर्शन हुन, (चट्टोपाध्याय, सन् २०१०, पृ. ४३) । यस दृष्टिले हेर्दा संसारको पूर्वीय (खासमा भारतवर्षीय) क्षेत्रका मानिस जातिले जीवन, जगत, प्रकृति, ईश्वर, सृष्टि, संहार, प्रलय, ज्ञान, मोक्ष, धर्म, कर्म, कर्तव्य यावत् विषयमा युक्तिमय ढङ्गले चिन्तन, मनन गर्ने क्रममा विकसित भएका ६ आस्तिक र ६ नास्तिक दर्शन नै पूर्वीय दर्शन हो भन्ने देखिन आउँदछ । पूर्वीय दर्शनलाई पौरस्त्य दर्शन, भारतीय दर्शन जस्ता नामले पनि चिनिन्छ । वस्तुको बोध, दुःख र यसबाट छुटकारा, त्यसका कारणको खोजीसँगै तत्त्वज्ञानको साक्षत्कार र मोक्ष प्राप्ति नै पूर्वीय दर्शनको मूल उद्देश्य रहेको देखिन्छ ।

वेदलाई मूल स्रोत मान्ने आस्तिक दर्शनका आफ्नै मतहरू पाइन्छन् । यसअन्तर्गत वेदान्त दर्शन बढी महत्त्वको ठानिन्छ । ऋग्वेद, ऐतरेयोपनिषद (३।३) को प्रज्ञानं ब्रह्म, शुक्लयजुर्वेद, वृहदारण्यकोपनिषद् (१।४।१०) को अयमात्मा ब्रह्म, सामवेद, छान्दोग्योपनिषद् (६।८।७)को तत्वमसि र अथर्ववेद, माण्डूक्योपनिषद (१।२)को अहं ब्रह्मास्मिलाई वेदका चार महावाक्य भनिन्छ (पन्त, २०७०, पृ. ८) । यिनै चार महावाक्यको व्याख्यामा आधारित दर्शनलाई नै वेदान्त दर्शन मानिन्छ । अन्य आस्तिक दर्शनले जस्तै वेदान्त दर्शनले पनि मानव जीवनमा मोक्षको उपाय खोज्छ । अज्ञानताको मुक्तिका लागि नै यसको प्रादुर्भाव भएको हो (सापकोटा, २०७४, पृ. १०१) । वेदान्त दर्शनको उत्पत्ति र विकाससंगै यससंग सम्बन्धित विभिन्न सम्प्रदाय विकसित भइआएको देखिन्छ । तिनै सम्प्रदायसंग सम्बन्धित हुँदै खासगरी वेदान्त दर्शनमा शङ्कराचार्यको अद्वैत, रामानुजाचार्यको विशिष्टाद्वैत, माधवाचार्यको द्वैतवाद, र निम्बाकाचार्यको द्वैताद्वैतजस्ता मान्यताहरू देखापरेको पाइन्छ (चट्टोपाध्याय र दत्त, (सन् १९८७ , पृ., २१७– २१८) । यी मध्ये अद्वैतवादी र विशिष्टाद्वैतवादी मान्यता प्रसिद्ध रहेको देखिन्छ । यस दर्शनलाई अध्यात्मविद्या, पराविद्या, मधुविद्या, ब्रह्मविद्या आदि नामले पनि चिन्ने गरिएको पाइन्छ ।

वेदान्त दर्शनमा प्रतिपादित मान्यताहरूमध्ये आत्मा/ब्रह्म सम्बन्धी मान्यता एक हो । वेदान्तमा आत्मालाई ब्रह्माका नामले चिनाइएको छ । यसमा आत्मा/ब्रह्मालाई चैतन्य चेतन मान्दै यसको सूक्ष्म व्याख्या विश्लेषण भएको पाइन्छ । वेदान्त दर्शनमा रहेको आत्मा/ब्रह्म सम्बन्धी मान्यताका सम्बन्धमा यस्तो चर्चा भएको पाइन्छ –

आत्मा/ब्रह्म/परमात्मा यस्तो वस्तु हो, जसलाई शब्दद्वारा प्रकाशित पार्न सकिँदैन । हामीले आत्मा के हो ? भनेर बुझ्नुभन्दा पनि के होइन भनेर बुझ्नु पर्दछ । आत्मा र ब्रह्म एकै वस्तुका दुई नाम हुन् । आत्मा सच्चिदानन्द

स्वरूप छ । पाप र पुन्यको फलले आत्मालाई बिटुल्याउँदैन । आत्मा त अजर, अमर छ र यो सुख र दुःखको अनुभूतिभन्दा माथि छ (गिरी, २०५५, पृ. ५६) ।

वेदान्त दर्शनले आत्मा/ब्रह्मालाई सत्य र भौतिक संसार र शरीरलाई असत्य ठान्दछ । यसले आत्मा/परमात्मा/ब्रह्मालाई एकमात्र सत्य मान्दै यसको अखण्ड, अनन्त र सच्चिदानन्द स्वरूपलाई स्वीकारेको छ । ब्रह्मा समस्त तत्त्वहरूको कारण हो । जसबाट प्रणीहरूले जन्म लिन्छन्, जीवित रहन्छन् । ब्रह्माकै कारणले ती अस्तित्वमा छन् । अन्तमा ती सबै ब्रह्मामा नै विलीन हुन्छन् । ब्रह्मा अनादि, अनन्त हो । त्यो मात्र अस्तित्ववान् छ , ब्रह्मा नै स्रष्टा हो, ब्रह्मा नै सृष्टि हो, यो नै शास्वत, सर्वव्यापी र सर्वज्ञ हो अरु केही छैन, ब्रह्म एकमात्र सत्य हो अरु सबै असत्य हो । अर्थात ब्रह्मा सत्यं जगन्मिथ्या भन्ने मान्यता वेदान्त दर्शनको रहेको छ (प्रश्रित, २०६९, पृ. ५०) । यस मान्यतालाई अरु सबैजसो आस्तिक दर्शनले स्वीकारेको देखिन्छ । वेदान्त दर्शनले प्रतिपादन गरेका विविध मान्यतामध्ये जीव/जीवात्मा सम्बन्धी अर्को मान्यता हो । यसले जीवलाई आत्माकै एउटा स्वरूप मानी जीवको अस्तित्वलाई स्वीकारेको छ (सापकोटा, २०७४, पृ. ११६) । जव आत्मामा इन्द्रिय र मनरूपी पर्दा (आवरण) लाग्छ, त्यस बेलाको आत्मालाई जीव भन्ने गरिन्छ । जीव शरीररूपी बन्धनबाट मुक्त भएर आत्मा वा परमात्मामा समाहित हुन खोज्छ भन्ने मत वेदान्त दर्शनमा पाइन्छ । भिन्न वस्तुमा रहेको आकाशजस्तै मानी जीव र आत्माको सम्बन्धलाई यसले व्याख्या गरेको देखिन्छ । अज्ञान वा अविद्याका कारण जीव र आत्माको भेदलाई छुट्टयाउन नसकिने ठान्दै वेदान्त दर्शनमा जीवको व्यवहारिक सत्ता र आत्माको पारमार्थिक सत्ता रहेको छ भनी व्याख्या गरिएको पाइन्छ ।

वेदान्त दर्शनले प्रतिपादन गरेका मान्यताहरूमा माया अर्को हो । सत्यलाई छोपेर असत्यको रूपमा प्रतिस्थापित गर्ने तत्त्वलाई वेदान्तमा माया भनिएको पाइन्छ । माया अज्ञान वा अविद्याबाट उत्पन्न हुन्छ । नानारूपात्मक ढङ्गले मायाले नै जगत्लाई प्रदर्शित गराउने हुँदा माया नै असत्य जगत्को कारण हो (गिरी, २०५५, पृ. ५७) । यसरी जीवमा रहने अविद्यारूपी मायाका कारण नै ब्रह्माको रूपलाई चिन्न नसकिने र मायारूपी पर्दा (आवरण) हटेपछि मात्र चैतन्य स्वरूप आत्मा÷ब्रह्माको वास्तविकतालाई जान्न सकिन्छ , यसका निम्ति ज्ञानसंगै सत्कर्म पनि आवश्यक हुन्छ भन्ने मान्यता वेदान्त दर्शनमा पाइन्छ । वेदान्तले ईश्वरका सम्बन्धमा पनि आफ्नै खालको मत राखेको छ । यसले ईश्वरलाई जगत्को सृष्टिकर्ता ठानी सगुण साकार, सगुण निराकार र निर्गुण निराकार गरी ईश्वरका तीनवटा भेद हुने बताएको छ (पन्त, २०६९, पृ. ९) । यस दर्शनका अनुसार ईश्वर सर्वज्ञ, सर्वव्यापी अन्तर्यामी र एक छ (गिरी, २०५५, पृ. १३२) । अज्ञानताको आवरणबाट मुक्त भएका ब्रह्मज्ञानीहरूले ईश्वरका उक्त तीनवटै रूपको दर्शन गर्न सक्छन् भन्ने वेदानतको मत रहेको पाइन्छ । वेदान्त दर्शनमा मोक्षका बारेमा पनि महत्त्वपूर्ण चर्चा गरिएको छ । जीव/जीवात्मा, मोक्ष, ज्ञान र कर्मका बारेमा सूक्ष्म विश्लेषण गरिएको वेदान्त दर्शनमा ज्ञानका माध्यमबाट मोक्षको उपाय खोजिएको हुन्छ । यसले अज्ञान वा अविद्यालाई दुःखको कारण ठान्दै अज्ञानले मानिसलाई भ्रममा पार्ने हुँदा उक्त असत्यको भ्रमलाई ज्ञान वा विद्याले मात्र हटाउने र मोक्ष वा मुक्तिको मार्ग खुलाउने चिन्तन राखेको देखिन्छ ।

यसरी हेर्दा वेदान्त दर्शनका मान्यता र तात्पर्यले व्यापकता लिएको देखिन्छ । यसमा आध्यात्मिक जगत्का सम्पूर्ण सत्यहरूको जानकारी गराउने काम भएको पाइन्छ । यहाँ जगत्को सृष्टिदेखि संहारसम्म अनि आत्मादेखि मोक्षसम्मको रहस्यका बारेमा सूक्ष्मातिसूक्ष्म चिन्तन मनन भएको पाइन्छ । वास्तवमा मानिसलाई सत्कर्मको बाटोमा हिड्न प्रेरित गरी भौतिक मोहबाट पनि छुटाउने प्रयत्न गर्दै आध्यात्मिक चिन्तनतर्फ प्रवृत्त गराएर सन्तोषमय जविन बाँच्नका लागि मार्ग प्रशस्त गरी यस दुःखमय संसारबाट मुक्ति दिलाउनु नै वेदान्त दर्शनको अभिष्ट रहेको

देखिन्छ। यिनै मान्यताहरू कवि विश्वप्रेम अधिकारीको 'सङ्कल्प' कविता सङ्ग्रहभित्रका कवितामा पनि प्रयोग भएको पाइन्छ। जसलाई यहाँ वेदान्त दर्शनको मान्यताका आधारमा विश्लेषण गरिएको छ।

## ९. विषय सन्दर्भ र विश्लेषण

कवि विश्वप्रेम अधिकारीद्वारा रचित कविताहरूको सङ्गालोका रूपमा 'सङ्कल्प' कविता सङ्ग्रहको प्रकाशन वि.सं. २०५५ मा भएको देखिन्छ। ५१ पृष्ठमा संरचित यस कृतिमा बालकविता र गीतबाहेक मुक्त छन्द र शास्त्रीय छन्दका जम्मा १० वटा कविता रहेका छन्। यसैभित्र रहेको 'सङ्कल्प' शीर्षकको कविताबाट कृतिको नामकरण भएको देखिन्छ। यहाँ 'आमा' शीर्षकको लामो कविता रहेको छ। जसलाई कविले 'स्मृतिकाव्य' भनेका छन्। तर यसलाई आमासंगको वियोगलाई विषय बनाइएको अनि शोकभाव व्यक्त भएको लामो शोक कविता मान्न सकिन्छ। यहाँ रहेका अन्य कविता भने फुटकर कविताकै संरचनामा देखिएका छन्। सङ्ग्रह भित्रका प्रायः सबै कवितामा अधिक एवम् आंशिक रूपले दार्शनिक चिन्तन देखा परेको पाइन्छ। तर यहाँ भने वेदान्त दर्शनको प्रयोगका दृष्टिले प्रतिनिधि ठान्न सकिने केही कवितालाई लिइएको छ। तसर्थ अब क्रमैसंग 'आमा', 'चिता हाँस्छ' र 'मेरो घर मेरो देश' शीर्षकका कवितामा प्रयुक्त वेदान्त दर्शनलाई नियाल्ने काम गरिएको छ।

### ९.१. 'आमा' कवितामा प्रयुक्त दर्शन

प्रस्तुत कविताको पहिलो श्लोकमा मानिसको जीवन छाँयातुल्य छ र यो जुनसुकै क्षणमा हराउन सक्छ वा अल्पन सक्छ। यस्तो वास्तविकतालाई बुझ्न नसकी मानिस भौतिक मोहमा रुमलिएको आशय व्यक्त भएको छ। मानिसको भौतिक शरीर नाशवान् वस्तु हो र यो कुनै पनि समयमा अल्पन सक्छ। यो वास्तविकतालाई नबुझेर मानिस भौतिक मोहमा लाग्छ अनि एक पल्ट मरिन्छ भन्ने सत्यलाई बिर्सेर सँधै लोभ र तृष्णाको जालोमा फँस्छ र त्यसले मुक्तिको मार्ग बन्द गराउँछ भन्ने भाव तलको कवितांशमा सघन रूपमा आएको छ। जुन वेदान्त दर्शनको मान्यतासंग मिल्ने देखिन्छ–

छायाँ तुल्य रहेछ जीवन सबै अल्पन्छ धर्तीसंगै।<br>
गिट्टी तुल्य रहेछ जीवन सधैं चापिन्छ उध्वेगमै।।<br>
तृष्णा यो कति तुच्छ जानु छ भनी शोच्दैन कोही यहाँ।<br>
घृणाका दहभित्र पौडिन सधैं छोड्दैन कोही यहाँ।। ( पृ. १)

वेदान्त दर्शनमा मानव शरीर नाशवान वस्तु हो। यो सत्य जानेर पनि मानिस आवेगमा मडारिएर भैतिक सुखको पछि लाग्छ अनि सधैं लोभ र तृष्णाको मेहमा रुमलिन्छ। यसले मुक्तिको वा मोक्षको मार्ग बन्द गराउँछ भन्ने मान्यता पाइने र त्यस्तो आशय उक्त कवितांशमा देखिन आएकोले यसमा वेदान्तवादी मान्यताको दार्शनिक प्रयोग भएको पाइन्छ।

कविताको अर्को श्लोकमा पनि यस्तै दार्शनिक चिन्तन प्रयुक्त भएको पाइन्छ। यहाँ पूवीर्य आस्तिक दर्शनले चर्चा गर्ने भाग्यवादी चिन्तनलाई व्यक्त गरिएको छ। भाग्य भनेको प्रारब्ध हो र यसले निर्देश गरे मात्र सबैथोक पाउन सकिन्छ। केवल दृष्टि घुमाउँदैमा केही पाइन्न। प्रारब्ध वा भाग्यमा जे लेखेको छ सो भोग्नै पर्ने र कवि स्वयंले पनि त्यस्तै जीवन भोगीरहेको भाव कवितांशमा यसरी आएको छ–

पाइन्न भाग्य नभएसि घुमाइ दृष्टि।<br>
पाइन्छ भाग्य चुलिएसि समग्र सृष्टि।।<br>
भन्ने बलिष्टहरूको छ अधिन काल।<br>
भोगीरहेछु गणितीय युगीन चाल।। (पृ.९)

पूर्वीय जीवन पद्धतिमा प्रचलित 'लेखेको पाइन्छ, देखेको पाइन्न' भन्ने भनाइमा आधारित भएर उक्त भाव प्रकट भएको अनुभूति हुन्छ । ज्ञान र सुकर्मले मात्र मोक्ष प्राप्त हुने अनि अज्ञान र कुकर्मले दुःख प्राप्त हुने दार्शनिक चिन्तनको प्रयोग उक्त श्लोकमा भएको छ ।

आमा कविताकै अर्को एक कवितांशमा मनुष्य जुनी संसारकै अपार जुनी भएको सत्यलाई बुझ्न नसकेर मानिस भौतिक मोहमा परेर दुःखी बन्न पुगेको भाव आएको छ । वेदान्तमा मनुष्य जुनी उत्तम ठानिएको छ । यो पूर्व जन्मको सत्कर्म, त्याग र तपस्याले मात्र संभव भएको मानिन्छ । तर अज्ञान वा अविद्याका कारण मानिसले यो सत्यलाई भुलेर पाखण्ड बन्छ, वेद विरोधी आचरण गर्छ र दुःखी जीवन बिताउँछ भन्ने भन्ने भावाभिव्यक्ति यसरी आएको छ –

पाखण्ड, ज्ञान गुणहीन अधर्म पापी ।
आसक्त मोह मदयुक्त निशा खलाँती ।।
पाई जुनी मनुजको पनि भावहीन ।
बन्छन् अरे शिशिर–पत्र समान दीन ।। (पृ.१३)

वेदान्त दर्शनमा अज्ञान वा अविद्याका कारण मानिस गुणहीन र पापी बनी सत्यलाई बिर्सेर दुःखी बन्दछ भन्ने धारणा व्यक्त भएको पाइन्छ । उत्तम जुनी पाएको मान्छे सांसारिक यथार्थलाई बुझेर पाखण्ड र गुणहीन बनेर होइन सदाचारी बनेर जीउनु पर्छ भन्ने पौरस्त्य दर्शनको आशय उक्त कवितांशमा आएको देखिन्छ ।

यही कविताको अर्को श्लोकमा पनि वेदान्त दर्शन प्रयोग भएको देखिन्छ । पाञ्चभौतिक शरीर क्षणिक र तुच्छ छ , ब्रह्मा वा चैतन्य चेतन तत्त्वमात्र अमर छ , यसैका भरमा सृष्टि चलेको छ भन्ने आशय यहाँ यसरी आएको छ –

यो देह आफै पनि तुच्छ हो र,
चैतन्यले प्लावित हुन्छ नित्य ।
त्यै चेतनाको भरमा परेर,
चल्दो छ यो नित्य अनन्त सर्ग ।। (पृ.१९)

मानिसको पाञ्चभौतिक शरीर नाशवान र क्षणिक छ । ब्रह्मा वा चैतन्य चेतन तत्व मात्र अमर छ र संसार पनि यसै चेतनाले प्लावित भई त्यसैका भरमा परेर अटुट रूपले चलेको छ भन्ने मान्यता वेदान्त दर्शनले राख्छ । माथिको कवितांशमा पनि सोही भाव प्रकट हुनगएको देखिन्छ । तसर्थ यहाँ वेदान्त दर्शनको प्रयोग भएको देखिन्छ ।

'आमा' कविताकै अर्को कवितांशमा ज्ञान वा चेतनाले नै अमरत्व र मोक्ष मार्ग प्रदान गर्छ भन्ने आशय यसरी आएको छ–

यो चेतनाले अमरत्वतर्फ,
डो¥याउदा क्यै हुनजान्छ कर्म ।
आसक्तिले लिप्त हुँदा नजानी,
भोग्दै रहन्छन करकाप ग्लानी ।। (पृ.२०)

चेतनाको अर्थ ज्ञान, चैतन्य हो । चेतनाले मात्र भौतिक मोहबाट छुटाएर देवत्व वा मोक्ष प्राप्तिको मार्गमा प्रवृत्त गराउँछ । आसक्तिले मोक्षको मार्ग बन्द गराउँछ भन्नेजस्ता मतहरू वेदान्त दर्शनमा पाइन्छ । माथिको कवितांशमा पनि त्यही मान्यता प्रकट भएको छ ।

**९.२. 'चिता हाँस्छ' कवितामा प्रयुक्त दर्शन**

'चिता हाँस्छ' यस सङ्ग्रहको अर्को कविता हो । कविताको दोस्रो श्लोकमा ज्ञान, बुद्धि, विवेकले

इन्द्रियहरूलाई वशमा पारेर राख्न सकेमा त्यही नै आनन्द वा सुख हो भन्ने भावसंगै ब्रह्मा तत्त्वलाई चिन्न नसकेर मानिस अविवेकी र छाडा बन्न पुगेको आशय यसरी प्रस्तुत हुन आएको छ–

बुद्धि विवेकले पूर्ण दृढ इन्द्रिय हुन् सबै,
यही आनन्द हो भन्ने वेदान्त बिर्सियो सबै ।
विना आश्रयको एउटा सृष्टि संहार कारक,
छ कतै तै पनि मान्छे छाडा बन्छ कता कता ।। (पृ.२५)

इन्द्रियहरू लोभ, लालच र मोहका उत्पादक तत्त्व मानिन्छन् । योग दर्शनले बुद्धि र विवेकको लगामले इन्द्रियलाई वसमा पार्न सके मात्र चित्तवृत्ति शुद्ध हुने र सुख प्राप्तिको मार्गमा प्रवृत्त हुन सकिने बताउँछ । वेदान्तको लक्ष्य भनेकै मोक्ष वा आनन्द प्राप्ति हो । तेस्रो हरफमा विना आश्रयको सृष्टि संहार कारक भनेर वेदान्तले स्वीकारेको सच्चिदानन्द स्वरूप ब्रह्मलाई पनि सङ्केत गरेको देखिन्छ । वेदान्तको मान्यताअनुसार जगत्को संहारकारक नै ब्रह्मा हो । यस दृष्टिले हेर्दा पनि माथिका हरफमा प्रष्टसंग वेदान्त दर्शनको प्रयोग भएको भेटिन्छ ।

अर्को कवितांशमा भौतिक वस्तु वा सम्पत्ति आँखाले देख्दाका क्षणसम्म मात्र सत्य हो । वास्तवमा यी सबै झुठा हुन् । अज्ञानले जन्माएको तृष्णाका कारण मानिसले भौतिक सम्पत्ति र परिवारका वशमा परेर तृष्णमय जीवन बाँचीरहेको छ भन्ने दार्शनिक चेत यसरी प्रस्तुत भएको छ–

न पत्नी पुत्र औ वित्त, घर खेत सबै सबै,
फेन झैं दृष्टिमा मात्र जाँदैनन् साथमा कुनै ।
तृष्णाको टोकरी बोकी हिँड्छ मानछे जति जति,
फड्कन्छन् उपियाँ जस्तै प्रेयका साधना उति ।। (पृ.२५)

माथिको श्लोकमा शरीर नाश भएर जाँदा मानिसले जोरजाम गरेका वा वरपरका भौतिक वस्तु आफूसंगै जाँदैनन् भन्ने जान्दा जान्दै पनि मानिस तृष्णाको भारी बोकेर हिड्छ र तृष्णाले नै तड्पिन्छ अनि आत्मिक सुखको मार्गबाट टाढा रहन पुग्छ भन्ने भावाभिव्यक्ति आएको छ । अज्ञान नै मुक्तिको बाधक हो, यो सांसारिक भ्रमको कारक हो । जवसम्म अज्ञान वा अविद्याको पर्दा (आवरण)ज्ञानका माध्यमले हट्दैन तबसम्म मोक्ष संभव छैन भन्ने वेदान्त दर्शनको मान्यता उक्त कवितांशमा देखिएको छ ।

### ९.३. 'मेरो घर मेरो देश' कवितामा प्रयुक्त दर्शन

यस कवितामा पनि पूर्वीय आस्तिक दर्शनको प्रयोग भएको पाउन सकिन्छ । दोस्रो श्लोकमा सर्वव्यापी र शाश्वत ठानिएको ब्रह्मालाई ज्ञानका माध्यमले चिन्न र बुझ्न सकेमात्र संसारको यथार्थता बोध हुने तर यसलाई बुझ्न र जान्न भने झटपट नसकिने आशय यसरी व्यक्त गरिएको छ –

यो शारदी चिन्मय रङ्गमञ्च,
यो कल्पना काल्पितको प्रपञ्च ।
बन्दो छ रे सौरभले सुस्वादु,
सकिन्न बुझ्नै पनि ब्रह्मजादू ।। (पृ.२६)

वेदान्तले शाश्वत ठान्ने ब्रह्मालाई भौतिक प्रपञ्चमा भुलेर रमाएको मानिसले राम्ररी चिन्न र बुझ्न सकेमा मात्र आत्मिक सुख शान्ति मिल्छ भन्ने चिन्तनभाव यहाँ प्रकट भएको छ । साथै यहाँ ब्रह्मालाई चिन्न र बुझ्न पनि निकै कठिन रहेको भाव सन्दर्भसमेत प्रस्तुत भएको छ । वेदान्तले ब्रह्मालाईमात्र सत्य, सर्वव्यापी र सम्पूर्ण ठान्दछ । भौतिक प्रपञ्चमा रमाउनेले ब्रह्मालाई पहिचान गर्न नसक्ने र प्रपञ्चबाट मुक्त हुन सकेका खण्डमा मात्र

आत्मिक सुख शान्ति मिल्छ र मुक्तिको मार्गमा प्रवृत्त भइन्छ भन्ने वेदान्त दर्शनसंग जोडिएको भावाशय माथिको कवितांशमार्फत प्रस्तुत भएको ठान्न सकिन्छ ।

यसै कविताको अर्को श्लोकमा ब्रह्मा नै एक हो र यो सच्चिदानन्दमय छ भन्ने वेदान्त दर्शनको मान्यतालाई सोझै यसरी प्रस्तुत गरिएको छ–

सम्पूर्ण मेरो, म सबै उसैको,
समष्टि एउटै सब हो सबैको ।
आनन्द सच्चिद्मय एक ब्रह्म,
यो देश मेरै घर सत्य धर्म ।। (पृ.२७)

वेदान्त दर्शनका अनुसार ब्रह्म अनादि अनन्त हो (प्रश्रित, २०६९, पृ. ५०) । यो एकमात्र सत्य हो र सबै तत्त्वहरूको कारण पनि हो (चट्टोपाध्याय र दत्त, ?, पृ. २४४) । यो अस्तित्वमान छ र सबै उसैको हो अनि सम्पूर्ण उसैबाट नियन्त्रित छ । वेदान्त दर्शनको यही मान्यता माथिका हरफहरूमा सोझै प्रकट हुन आएको छ । यसप्रकार ‘सङ्कल्प’ कविता सङ्ग्रह भित्रका उपर्युक्त शीर्षकका कविताहरूमा वेदान्त दर्शन प्रयोगको स्थिति देखा परेको भेटिन्छ ।

**१०. निष्कर्ष**

वेदलाई आधार मानेर उत्पत्ति र विकास हुदै आएका पूर्वका दर्शनलाई आस्तिक दर्शन मानिन्छ । यस्ता दर्शनमा मुख्यतः सांसारिक दुःखका कारण र त्यसबाट मुक्ति पाउने उपाय सुझाइएको हुन्छ । तिनै मध्येको एक वेदान्त दर्शन हो । यसमा ब्रह्मा/आत्मा, जीव/जीवात्मा, ईश्वर, मोक्ष, ज्ञान, सुकर्म आदिका बारेमा सूक्ष्म विश्लेषण भएको पाइन्छ । जीवन र जगत्को सूक्ष्म व्याख्या भएको र मानिस जातिलाई सांसारिक दुःखबाट मुक्त पार्ने उद्देश्य राख्ने यस्तो दार्शनिक चिन्तनलाई सर्जकद्वारा साहित्यिक विधा विशेषमा प्रयोग गरिंदै आएको फेला पर्छ । यसै सन्दर्भमा कवि विश्वप्रेम अधिकारीको सङ्कल्प कविता सङ्ग्रहमा पनि वेदान्त दर्शनको प्रयोग भएको देख्न सकिन्छ । यस भित्रका सबै कवितामा आध्यत्मिक चिन्तन देखा परेको भेटिन्छ । तर पनि खासगरी यस ‘आमा’, ‘चिता हाँस्छ’ र ‘मेरो घर मेरो देश’ शीर्षकका कवितामा विविध पक्षहरूको उपस्थितिसंगै पूर्वीय आस्तिक दर्शन अन्तर्गतको वेदान्त दर्शन प्रयोग भएको देखिन्छ । विवेच्य कविताहरूमा भौतिक शरीर र वस्तु नाशवान छन्, अज्ञान वा अविद्याका कारण मानिसले सुखको मार्ग पहिल्याउन सकेको छैन, इन्द्रियलाई बुद्धि र विवेकले वशमा पार्न सकेमात्र आत्मिक सुख शान्ति प्राप्त हुन्छ र मोक्षमार्गमा प्रवृत्त हुन सकिन्छ भन्ने पूर्वीय वेदानूयायी आस्तिक दर्शनले प्रतिपादन गरेका मान्यताहरूको प्रयोग स्पष्ट किसिमले भएको देखिन्छ । त्यसैगरी ब्रह्मा नै सम्पूर्ण हो , यो सृष्टि संहारक हो, यो सच्चिदानन्द स्वरूप छ, तृष्णाले दुःखको मार्गमा प्रवृत्त गराउँछ, ज्ञान नै मोक्षको मार्ग हो भन्नेजस्ता जुन वेदान्त दर्शनका मूल मान्यता र विशेषताहरू हुन् तिनको प्रयोग यी कवितामा साङ्केतिक रूपले नभएर सीधै र सुन्दर ढङ्गले भएको देखिन्छ । यस दृष्टिले यहाँ अन्य आस्तिक दर्शनका तुलनामा वेदान्त दर्शनको प्रयोग बढी भएको छ भन्न निःसन्देह सकिन्छ । त्यति मात्र नभइ विवेच्य कविताहरूमा वेदान्त दर्शनका मूलभूत मान्यता प्रयोगात्मक शैलीमा प्रकटीत भएका देख्न सकिन्छ । तसर्थ यी कविताहरू पूर्वीय वेदान्त दर्शन प्रयोगका दृष्टिले अध्येय र महत्त्वपूर्ण देखिन आएका छन् । साथै यी कविताहरूमा पाइने रचनात्मक विशिष्टता पनि यही हो ।

**सन्दर्भ सामग्री**


अधिकारी, विश्वप्रेम, (२०५५), सङ्कल्प, स्याङ्जा : विजयकुमार अधिकारी ।

गिरी, रामानन्द,(२०५५), जनकदर्शनम्, अनु.रामहरि तिमिल्सिना,भक्तपु : जनक शिक्षा सामग्री केन्द्र ।

चट्टोपाध्याय, देवीप्रसाद, (सन् २०१०), भारतीय दर्शन–सरल परिचय, नई दिल्ली : राजकमल प्रकाशन ।

चट्टोपाध्याय, सतीशचन्द्र र धीरेन्द्रमोहन दत्त, ( सन् १९८७ ), एन इन्टरडक्सन टु इन्डियन फिलोसफी, अनु. हरिमोहन झा र नित्यानन्द मिश्र पटना : पटना पुस्तक भण्डार ।

पन्त, जयराज, (२०७०), भानुभक्तको रामायणमा वेदान्त दर्शन, रजस्थल, १७: ५७, स्याङ्जा : स्याङजा साहित्य प्रतिष्ठान, पृ. ८– ३० ।

प्रश्रित, मोदनाथ, (२०६९), दर्शन र दृष्टिकोण, ललितपुर : माइलस्टोन प्रकाशन ।

मिश्र रुद्रप्रसाद, (२०६९), प्राच्य जगत्को विशाल–ज्ञानधारा, विभूति १ : १, प्यूठान : स्वर्गद्वारी आश्रम ।

सापकोटा, कृष्णप्रसाद, (२०७४), समालोचनाका आयाम, चितवन : चरैवेती प्रकाशन ।